# जस्ट फ्युचर्स पहल फेलोसिप (जेएफपी फेलोसिप) आवेदन आह्वान

**आफ्ना कथा आफै बुन्छौ ं!**

**जिमिगु बाखं जिमिसं हे ग्वये !**

तपाईंसँग जात भोगेको अनुभूति छ ? आफ्नो भोगाइको कथा सुनाएको अनुभव छ ? जात–व्यवस्था, लैंगिकता,यौनिकता र वर्गबारे गहिरोसँग सिक्ने र सिकाउने रुचि छ ? दलित महिलाको नजरबाट भोगाइको कथा सिर्जना गर्ने सपना देख्नुभएको छ ? यो तपाईंको मात्रै होइन, हाम्रो पनि रुचि र सपना हो । हामी तपाईंसँग हातेमालो गर्दै यही रुचि र सपना साकार पार्न चाहन्छौं ।

हामीले सन् २०२३ देखि दलित महिलाको नेतृत्वमा ‘जस्ट फ्युचर्स पहल’ (जेएफपी)को थालनी गरेका छौं । जेएफपी सबैका लागि न्याय, समता, सम्मान, समावेशी लोकतन्त्रको खोजप्रति प्रतिबद्ध छ । 'अपन कथा अपने बुनै छी'को नाममा जस्ट फ्युचर्स फेलोसिपको प्रयोगात्मक अनुभवको आधारमा यसले राष्ट्रिय स्तरमा ‘दामल फेलोसिप’को थालनीपछि अब समुदाय स्तरमा ‘जस्ट फ्युचर्स पहल जेएफपी फेलोसिप’ (जेएफपी फेलोसिप) सञ्चालन गर्दैछ । जेएफपी फेलोसिपमा जात व्यवस्था, लैंगिकता, यौनिकता र वर्गको सेरोफेरोका भाष्य, ज्ञान र कल्पनाबारे समीक्षात्मक ढंगले बुझ्दै आफ्नै आफ्ना कथा आफै बुन्न सिक्ने–सिकाउने काम हुन्छ ।

बागमती प्रदेशमा स्थायी बसोबास गर्नुहुने २० देखि ४० वर्षका दलित महिला, दलित यौनिक तथा लैंगिक अल्पसंख्यकमध्ये आफूलाई महिलाको रुपमा पहिचान गर्ने व्यक्ति तथा नेवाः दलित महिला हुनुहुन्छ भने तपाईंलाई यस फेलोसिपमा सहभागी हुन अनुरोध गर्दछौं । यस फेलोसिपमा छनौट हुनुहुने ७ जनालाई यही अगस्ट २०२५ देखि मासिक रुपमा स्टाइपन्ड उपलब्ध गराइने छ । फेलोहरु जात, लैंगिकता, यौनिकता र वर्गसम्बन्धी सिक्ने सिकाउने–सेमिनारका लागि १२ महिना र प्रयोगात्मक कार्यका लागि ६ महिना समय दिन प्रतिबद्ध हुनु जरुरी हुन्छ ।

फेलोसिपको आवेदन आह्वान : मे २१ , २०२५ (७ जेठ २०८२)

आवेदन दिने अन्तिम मिति : जुन १०, २०२५ (२७ जेठ २०८२)

अन्तरवार्ता : जुन २० र २१, २०२५ ( ६ र ७ असार २०८२)

अन्तिम नामावली प्रकाशन : जुन महिनाको अन्तिम हप्ता ।

विशेष सिमनार हुने मिति : जुलाई २६, २०२५ (१० साउन २०८२)

फेलोसिप सुरू हुने : अगस्ट १, २०२५ (१६ साउन २०८२)

पहिलो आवासीय कार्यशाला हुने मिति : जुलाई ३० देखि अगस्ट ८, २०२५ (१४–२२ साउन २०८२)

दोस्रो आवासीय कार्यशाला : नोभेम्बर २० देखि डिसेम्बर २, २०२५ (४– १६मंसिर २०८२)

थप बुझ्नुपरेमा +9779767351369 मा फोन गर्न सक्नुहुन्छ, इमेल info@justfuturespahal.org वा ह्वाट्सएपमा नं 9767351369 सम्पर्क गर्न सक्नुहुन्छ वा जेएफपीको वेबसाइट www.justfuturespahal.org मा हेर्न सक्नुहुन्छ ।

**नोट :** कार्यशाला तथा सेमिनारहरूमा अनिवार्य रूपमा उपस्थित हुनुपर्ने भएकाले माथि तोकिएको समय उपलब्ध व्यक्तिले मात्रै आवेदन दिनुहोला ।

साथै तपाईंलाई गुगल फारममा टाइप गर्न समस्या भएमा फारम डाउनलोड वा प्रिन्ट गरी हातले लेखेर, फोटो खिचेर वा सबै प्रश्नहरूको उत्तर बोलेर अडियो वा भिडियो रेकर्ड गरी info@justfuturespahal.org मा इमेल गर्न सक्नुहुनेछ ।

*पुनश्च: पहिलो चरणमा छनौट भएका आवेदकलाई मात्र अन्तर्वार्ताका लागि सम्पर्क गरिनेछ ।*

* Indicates required question

१. तपाईंको व्यक्तिगत विवरण (बायोडाटा) मा तल लेखिएका जानकारी भर्दै आवेदन पेस गर्नुहोस् ।

1. नाम, थर *

   ______________________

2. स्थायी ठेगाना *

   ______________________

3. अस्थायी ठेगाना *

   ______________________

4. जन्ममिति *

   ______________________

   *Example: January 7, 2019*

5. नागरिकताको स्क्यान कपी (अगाडि र पछाडिको दुवै पाना) *

   Files submitted:

6. पासपोर्ट साइजको फोटो *

   Files submitted:

7. शैक्षिक योग्यता

8. शैक्षिक योग्यता प्रमाणपत्रको स्क्यान कपी *

Files submitted:

9. ३ वर्ष र त्यसभन्दा मुनिका बच्चा छन् कि छैनन् ? *

10. सम्पर्क नम्बर वा ह्वाट्स एप *

11. इमेल आईडी *

12. २. तल दिइएका विधामध्ये तपाईंलाई कुनमा रूचि छ ? एक वा एकभन्दा बढी विषय पनि रोज्न सक्नुहुनेछ । अन्य रूचि भए खुलाउनुहोला । *

*Check all that apply.*

- [ ] गीत, संगीत, नृत्य
- [ ] कथा,कविता र लेख
- [ ] अभिनय (नाटक, छोटो फिल्म)
- [ ] सिलाइ, बुनाइ, कढाइ
- [ ] पेन्टिङ, स्केच, लोककला
- [ ] सामाजिक कार्य
- [ ] शिक्षण
- [ ] खेती वा व्यवसाय
- [ ] पत्रकारिता
- [ ] अडियो, भिडियो, पोडकास्ट
- [ ] अन्य

13. ३. तपाईं यस विधामा कति वर्षदेखि लाग्नुभएको छ ? *

*Mark only one oval.*

- ( ) १ वर्ष
- ( ) ३ वर्ष
- ( ) ५ वर्ष
- ( ) १० वर्ष

14. ४. के  तपाईंले आफ्नो कला प्रस्तुत गर्नुभएको छ ? छ भने कहिले कहाँ प्रस्तुत गर्नुभएको छ ? त्यस प्रस्तुतिबारे लेख्नुहोला । *

15. ४. आफूसँग भएको कलालाईं  रेकर्ड गरेर भिडियो\फोटो खिचेर वा लेखेर पठाउनुहोस् । *

Files submitted:

16. ५. आफ्नो कला, काम र जात व्यवस्थाको अनुभवको आधारमा तपाईं किन यस फेलोसिपका लागि उपयुक्त हुनुहुन्छ ? आफ्नो विचार तीन मिनेटको भिडियो क्यामेरा वा मोबाइलबाट बनाई पठाउनुहोस् । तीन मिनेटभन्दा पछिको भिडियो हेर्न हामी असमर्थ छौं । भिडियोमा आफ्नो परिचय र ठेगाना अनिवार्य रुपमा खुलाउनुहोला । *

Files submitted:

17. ६. फेलोसिप पाएपछि तपाईंले के सिक्ने र सिकाउने आशा राख्नुभएको छ ? तीन वटा बुँदा लेख्नुहोस् । *

18. ७. फारम भरेको मिति *

*Example: January 7, 2019*

---

This content is neither created nor endorsed by Google.

Google Forms